कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित
(शेयरहरुमा सीमित दायित्व भएको)

# नेपाल एसबिआई बैंक लि. को

## नियमावली

१. **कम्पनीको नाम :** यस कम्पनीको नाम "नेपाल एसबिआई बैंक लिमिटेड" रहनेछ, जसलाई अंग्रेजीमा "Nepal SBI Bank Ltd." भनिनेछ (जसलाई यसपछि बैंक भनिएको छ) ।

२. **बैंकको रजिष्टर्ड (प्रधान) कार्यालय रहने ठेगाना:** बैंकको रजिष्टर्ड (प्रधान) कार्यालय वाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २९, लैनचौर नेपालमा रहनेछ ।

२क. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) "प्रचलित कम्पनीसम्बन्धी कानून" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनुपर्छ । उक्त शब्दावलीले त्यस ऐनको सट्टामा जारी हुने अन्य कुनै अध्यादेश वा ऐन तथा त्यसमा समयसमयमा हुने संशोधनसमेतलाई जनाउनेछ ।[1]

(ख) "प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून" भन्नाले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ सम्झनुपर्छ । उक्त शब्दावलीले त्यस ऐनको सट्टामा जारी हुने अन्य कुनै अध्यादेश वा ऐन तथा त्यसमा समयसमयमा हुने संशोधनसमेतलाई जनाउनेछ ।[2]

(ग) "प्रबन्धपत्र" भन्नाले बैंकको प्रबन्धपत्र संझनुपर्छ र त्यस शव्दले समयसमयमा त्यसमा भएको संशोधनसमेतलाई जनाउँछ ।

(घ) "नियमावली" भन्नाले बैंकको नियमावली सम्झनुपर्छ र त्यस शव्दले समयसमयमा त्यसमा भएको संशोधनसमेतलाई जनाउँछ ।

(ङ) "संस्थापक" भन्नाले बैंक संस्थापनाको लागि दाखिल गरिने प्रबन्धपत्र तथा नियमावलीमा कम्तीमा एक शेयर लिन मन्जूर गरी संस्थापकको हैसियतले सहीछाप गर्ने व्यक्ति सम्झनुपर्छ ।

(च) "बैंक" भन्नाले प्रचलित कम्पनीसम्बन्धी कानूनअन्तर्गत पब्लिक लिमिटेड कम्पनीका रूपमा संस्थापित नेपाल एसबिआई बैंक लिमिटेड सम्झनुपर्छ ।

(छ) "कम्पनी" भन्नाले नेपाल एसबिआई बैंक लिमिटेड सम्झनुपर्छ ।

(ज) "संचालकसमिति" वा "समिति" भन्नाले बैंकको संचालकसमिति सम्झनुपर्छ ।

(झ) "संचालक" भन्नाले संचालकसमितिको सदस्यलाई सम्झनुपर्छ, त्यस शव्दले अध्यक्ष र वैकल्पिक संचालकसमेतलाई जनाउँछ ।

---

[1] बैंकको मिति २०७४/०९/१९ मा बसेको २४औं साधारण सभाले संशोधन गरेको ।
[2] बैंकको मिति २०७४/०९/१९ मा बसेको २४औं साधारण सभाले संशोधन गरेको ।



कम्पनी सचिव

(ञ) "अध्यक्ष" भन्नाले संचालकसमितिको अध्यक्ष सम्झनुपर्छ ।

(ट) "प्रबन्धसंचालक" भन्नाले एस. बि. आई. लाई प्रतिनिधित्व गर्ने संचालकहरूमध्येबाट यस नियमावलीबमोजिम संचालकसमितिबाट नियुक्त बैंकको कार्यकारी प्रमुख सम्झनुपर्छ ।

(ठ) "कम्पनीसचिव" भन्नाले प्रचलित कम्पनीसम्बन्धी कानूनबमोजिम नियुक्त बैंकको कम्पनीसचिव सम्झनुपर्छ ।

(ड) "नेपाल राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गत स्थापित नेपाल राष्ट्र बैंक सम्झनुपर्छ ।

(ढ) "सम्बन्धीत कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय वा नेपाल सरकारले समयसमयमा तोकेको अन्य कुनै विभाग, कार्यालय वा निकाय सम्झनुपर्छ ।

(ण) "एस. बि. आई." भन्नाले भारतको मुम्बईमा केन्द्रीय कार्यालय रहेको स्टेट बैंक अफ इण्डिया एक्ट १९५५ (भारतको १९५५ को ऐन नं. २३) द्वारा स्थापित संस्थान, स्टेट बैंक अफ इण्डियालाई सम्झनुपर्छ ।

(त) "कर्मचारी संचय कोष" भन्नाले कर्मचारी संचय कोष ऐन, २०१९ अन्तर्गत स्थापित कर्मचारी संचय कोष सम्झनुपर्छ ।

(थ) "ग्राहक" भन्नाले बैंकसँग कारोबार गर्ने कुनै व्यक्ति, फर्म, संस्थान, संस्था, कम्पनी वा अन्य कुनै निकाय (Entity) सम्झनुपर्छ ।

(द) "साधारणसभा" भन्नाले बैंकका शेयरधनीहरूको वार्षिक साधारणसभा र विशेष साधारणसभा सम्झनुपर्छ ।

(ध) "शेयर" भन्नाले कम्पनीको शेयर पूँजीको विभाजित अंश सम्झनुपर्छ ।

(न) "शेयरधनी" भन्नाले कम्पनीको शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनुपर्छ ।

(प) "शेयरप्रमाणपत्र" भन्नाले शेयर किन्ने व्यक्तिलाई बैंकबाट शेयरप्रमाणपत्रको रूपमा दिइएको निस्सा सम्झनुपर्छ ।

(फ) "लाभांश" भन्नाले बैंकको संचालकसमितिको निर्णयबमोजिम शेयरधनीहरूलाई निजहरूले लिएको शेयरको अनुपातमा वितरण गरिने मुनाफाको हिस्सा सम्झनुपर्छ । त्यस शब्दले बैंकको मुनाफामध्येबाट वितरण गरिएको बोनस शेयरसमेतलाई जनाउँछ ।

(ब) "बोनस शेयर" भन्नाले बैंकको मुनाफाबाट भएको बचत वा जगेडा कोषलाई पूँजीकरण गरी शेयरधनीहरूलाई अतिरिक्त शेयरको रूपमा जारी गरिएको शेयर सम्झनुपर्छ र त्यस शब्दले बचत वा जगेडा कोषलाई पूँजीकरण गरी शेयरको चुक्ता मूल्य वृद्धि गरेको अवस्थासमेतलाई जनाउँछ ।

(भ) "तरल सम्पत्ति" भन्नाले बैंकको नगद मौज्दात, बैंकले चल्ती खातामा राखेको मौज्दात, बैंकले नेपाल राष्ट्र बैंकमा राखेको मौज्दात र नेपाल राष्ट्र बैंकले समयसमयमा तरल सम्पत्ति भनी निर्धारण गरेको बैंकको सम्पत्ति सम्झनुपर्छ ।



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.
कम्पनी सचिव

(म) "निक्षेप" भन्नाले बैंक वा वित्तीय संस्थाको चल्ती, बचत, मुद्दती वा अन्य कुनै निक्षेप खातामा जम्मा गरिएको रकम सम्झनुपर्छ र त्यस शब्दले बैंक वा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकले तोकेबमोजिमका विभिन्न वित्तीय उपकरणको माध्यमबाट स्वीकार गर्ने रकमसमेतलाई जनाउँछ ।

(य) "चल्ती खाता" भन्नाले मागेका बखत जहिले पनि झिक्न पाउने गरी बैंक वा वित्तीय संस्थामा राखिएको रकमको हरहिसाब लेखिएको खाता सम्झनुपर्छ ।

(र) "बचत खाता" भन्नाले बैंक वा वित्तीय संस्थामा बचतको निमित्त राखिएको रकमको हरहिसाब लेखिएको खाता सम्झनुपर्छ ।

(ल) "मुद्दती खाता" भन्नाले बैंक वा वित्तीय संस्थामा निश्चित अवधिसम्म जम्मा रहने गरी राखिएको रकमको हरहिसाब लेखिएको खाता सम्झनुपर्छ ।

(व) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति वा प्रचलित कानूनअन्तर्गत संगठित संस्थाको रूपमा संस्थापित कम्पनी, संस्था वा अन्य संगठित संस्था सम्झनुपर्छ ।

(श) "लेखापरीक्षक" भन्नाले बैंकको साधारणसभाद्वारा नियुक्त लेखापरीक्षक सम्झनुपर्छ र त्यस शब्दले साधारणसभाले नियुक्त गरेको लेखापरीक्षकको पद रिक्त हुन गएको अवस्थामा संचालकसमितिद्वारा नियुक्त वा प्रचलित कानूनबमोजिम नियमन गर्ने अधिकारीले नियुक्त गरेको लेखापरीक्षकलाई समेत जनाउँछ ।

(ष) "आर्थिक वर्ष" भन्नाले विक्रमसंवत्अनुसार श्रावण १ गते शुरू भई आगामी आषाढमसान्तमा समाप्त हुने अवधि सम्झनुपर्छ ।

(स) "छाप" भन्नाले बैंकको छाप सम्झनुपर्छ ।

(ह) "डिबेन्चर" भन्नाले प्रचलित कानूनबमोजिम बैंकले आफ्नो जायजेथा धितो राखी वा नराखी जारी गरेको ऋणपत्र वा बण्ड सम्झनुपर्छ ।

(क्ष) "विनिमयपत्र (बिल अफ एक्सचेन्ज)" भन्नाले कुनै निश्चित मितिमा वा कुनै निश्चित अवधिपछि वा मागेको बखत त्यस पत्रमा लेखिएको कुनै खास व्यक्तिलाई वा निजले अह्राएको व्यक्तिलाई वा सो पत्र लिई आउने व्यक्तिलाई विनाशर्त कुनै निश्चित रकम दिनु भनी कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई निर्देशन गरी दस्तखत गरिदिएको लिखत सम्झनुपर्छ ।

(त्र) "प्रतिज्ञापत्र (प्रमिसरी-नोट)" भन्नाले निश्चित मितिमा वा कुनै निश्चित अवधिपछि वा मागेका बखत त्यस पत्रमा लेखिएको कुनै खास व्यक्तिलाई वा निजले अह्राएको व्यक्तिलाई वा सो पत्र लिई आउने व्यक्तिलाई विनाशर्त कुनै निश्चित रकम दिन्छु भनी कबूल गरी दस्तखत गरिदिएको लिखत सम्झनुपर्छ ।

(ज्ञ) "पूँजी कोष" भन्नाले बैंकको प्राथमिक पूँजी र पूरक पूँजीको योग सम्झनुपर्छ र त्यस शब्दले नेपाल राष्ट्र बैंकले समयसमयमा निर्धारण गरेको बैंकको अन्य कोषसमेतलाई जनाउँछ ।

(कक) "प्राथमिक पूँजी" भन्नाले बैंकको चुक्ता पूँजी, शेयर प्रिमियम, फिर्ता नहुने अग्राधिकार शेयर, साधारण जगेडा कोष र संचित नाफा-नोक्सान शीर्षकमा रहेको रकम सम्झनुपर्छ र त्यस शब्दले नेपाल राष्ट्र बैंकले समयसमयमा प्राथमिक पूँजी भनी तोकिदिएको अन्य शीर्षकमा रहेको रकमसमेतलाई



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

कम्पनी सचिव

जनाउँछ ।

(खख) "पूरक पूँजी" भन्नाले नेपाल राष्ट्र बैंकले समयसमयमा तोकिदिएका शीर्षकहरूमा रहेको बैंकको रकम सम्झनुपर्छ ।

(गग) "लिखत" भन्नाले रङ्गाइएका, लिथो गरिएका, टाइप गरिएका, फोटोकपी गरिएका र शब्दहरूलाई देखिने गरी अभिव्यक्त गर्ने वा प्रत्युत्पादन गर्ने अन्य तरिकालाई समेत जनाउँछ ।

(घघ) "सुरक्षण (सेक्युरिटी)" भन्नाले कर्जा तथा अन्य कुनै ऋण वा वित्तीय सुविधाहरू दिँदा वा लिँदा प्रचलित कानुनबमोजिम कोल्याटरलको रूपमा धितो लिन/राख्न सकिने सम्पत्ति वा तत्सम्बन्धी हकको लिखत वा बैंकलाई मान्य हुने अन्य कुनै सुरक्षण सम्झनुपर्छ ।

(ङङ) "वित्तीय कारोबार" भन्नाले प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून तथा यस नियमावलीबमोजिम बैंकले गर्ने कारोबार संझनुपर्छ ।

(चच) "विद्युतीय रकमान्तर (इलेक्ट्रोनिक फण्ड ट्रान्सफर)" भन्नाले टेलिफोन, टेलेक्स, कम्प्युटर वा म्यागनेटिक टेप वा त्यस्तै प्रकारका अन्य विद्युतीय उपकरणको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने कारोबार सम्झनुपर्छ र त्यस शब्दले अटोमेटेड टेलर मेशिन र क्यास डिस्पेन्सिङ्ग मेशिनको माध्यमबाट हुने कारोबार र चार्ज कार्ड, डेबिट कार्ड तथा क्रेडिट कार्डबाट हुने कारोबारसमेतलाई जनाउँछ ।

(छछ) "वित्तीय स्वार्थ" भन्नाले संस्थापक वा संचालक, एक प्रतिशत वा त्यसभन्दा बढी शेयर लिएको शेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा संचालक मनोनीत गर्ने अधिकार पाएको व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले कुनै फर्म, कम्पनी वा संगठित संस्थाको चुक्ता पूँजीको दश प्रतिशत वा त्यस भन्दा बढी हुने गरी छुट्टाछुट्टै वा संयुक्त रूपमा शेयर खरिद गरेको रहेछ भने त्यस्तो कम्पनी वा संगठित संस्थामा त्यस्तो संस्थापक वा संचालक वा एक प्रतिशत वा त्यसभन्दा बढी शेयर लिएको शेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्यको वित्तीय स्वार्थ रहेको अवस्था सम्झनुपर्दछ ।

(जज) "परिवार" भन्नाले सम्बद्ध व्यक्तिको पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नुपर्ने दाजु, भाइ र दिदी, बहिनी सम्झनुपर्छ ।

(झझ) "इजाजतपत्रप्राप्त संस्था" भन्नाले वित्तीय कारोबार गर्ने प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानूनबमोजिम इजाजतपत्र प्राप्त गरेको बैंक वा वित्तीय संस्था संझनुपर्छ ।

(ञञ) "पदाधिकारी" भन्नाले बैंकका संचालक, कार्यकारी प्रमुख, सचिव र कर्मचारी सम्झनुपर्छ र त्यस शब्दले बैंकका सल्लाहकार, लेखापरीक्षक र लिक्वीडेटर भई काम गर्ने व्यक्तिसमेतलाई जनाउँछ ।

(टट) "प्रतीतपत्र" भन्नाले कुनै एक बैंक वा वित्तीय संस्थाले कुनै अर्को बैंक वा वित्तीय संस्थाको नाममा कुनै व्यक्तिको निश्चित रकमले खामेसम्मको चेक, ड्राफ्ट, हुण्डी वा विनिमयपत्र स्वीकार गर्नु भनी लेखेको पत्र सम्झनुपर्छ ।



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

कम्पनी सचिव

(ठठ) "विनिमेय" भन्नाले विनिमेय अधिकारपत्र पाउने कुनै व्यक्तिलाई धारक बन्न सक्ने गरी सो हस्तान्तरण गर्ने काम सम्झनुपर्छ ।

(डड) "विनिमेय अधिकारपत्र" भन्नाले प्रतिज्ञापत्र, विनिमयपत्र वा चेक सम्झनुपर्छ ।

(ढढ) "वासलातबाहिरको कारोबार" भन्नाले बैंकले दायित्व बेहोर्नुपर्ने सम्भावना भएको प्रतीतपत्र, जमानतपत्र, स्वीकारपत्र, प्रतिबद्धता, विदेशी विनिमयसम्बन्धी स्वाप, अप्सन, अग्रिम कारोबार र त्यस्तै प्रकारका अन्य कारोबार सम्झनुपर्छ ।

(णण) "कर्जा" भन्नाले रकम प्रवाह गर्ने, प्रत्यक्ष वा अप्रत्यक्ष प्रत्याभूति र त्यसको बदलामा लगानी गरेको रकम असूली गर्ने अधिकार तथा त्यस्ता कर्जाको ब्याज वा अन्य दस्तुरको चुक्ता, कर्जा वा लगानीको धितोमा दिइएको पुन:कर्जा, कर्जाको पुन:संरचना र नवीकरण, कर्जा चुक्ताको लागि जारी गरिएको जमानी तथा कर्जा चुक्ताको लागि गरिएको अन्य वचनबद्धता सम्झनुपर्छ र त्यस शब्दले कुनै पनि किसिमको ऋण समेतलाई जनाउँछ ।

(तत) एकवचन जनाउने शब्दले बहुवचन र बहुवचन जनाउने शब्दले एकवचनसमेतलाई जनाउँछ ।

(थथ) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा माथि परिभाषित गरिएका शब्दावलीका अतिरिक्त यस नियमावलीमा प्रयुक्त अन्य शब्दावलीका हकमा प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून तथा प्रचलित कम्पनीसम्बन्धी कानूनमा गरिएको परिभाषा लागू हुनेछ ।

३. <u>बैंकका उद्देश्यहरू</u> : बैंकका उद्देश्यहरू बैंकको प्रबन्धपत्रको दफा ३ मा उल्लेख भएबमोजिम हुनेछ ।

३क. <u>बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरू</u> : बैंकले आफ्नो उद्देश्य पूरा गर्न गर्ने कामहरूको विवरण प्रबन्धपत्रको दफा ४ मा उल्लेख भएबमोजिम हुनेछ ।

४. <u>बैंकको सभा बोलाउने तरिका र सभाको लागि दिनुपर्ने सूचनासम्बन्धी कुराहरू</u> :

(१) बैंकको साधारणसभा देहायबमोजिम हुनेछन्:
  (क) वार्षिक साधारणसभा र
  (ख) विशेष साधारणसभा

(२) बैंकको वार्षिक साधारणसभा संचालकसमितिले निर्णय गरेबमोजिम आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र बस्नेछ ।

(३) वार्षिक साधारणसभा भए कम्तीमा २१ दिनअगावै र विशेष साधारणसभा भए कम्तीमा १५ दिनअगावै सभा हुने स्थान, मिति तथा छलफल हुने विषय खोली शेयरधनीहरूको ठेगानामा लिखित सूचना पठाइनेछ र त्यस कुराको सूचना राष्ट्रिय स्तरको पत्रपत्रिकामा कम्तीमा दुई पटक प्रकाशित गरिनेछ ।

तर, स्थगित भएको साधारणसभा बोलाउँदा त्यस्तो सभामा नयाँ विषयमा छलफल नहुने भएमा कम्तीमा सात दिनअघि त्यस सभाको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएमा रीतपूर्वक सूचना दिएको मानिनेछ ।

(४) भूलवश कुनै शेयरधनीलाई सूचना पठाउन छुट भएमा वा सूचना नपाएमा



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.
कम्पनी सचिव

सोही कारणले मात्र कुनै साधारणसभाको कामकारबाही वा पारित कुनै प्रस्तावहरू अवैध हुनेछैनन् ।

(५) कुनै शेयरधनी केही समयको लागि आफ्नो बसोबासको मुलुकदेखि बाहिर रहे बसेको भएमा बैंकमा दर्ता गरिएको निजको ठेगानामा सूचना पठाइएमा त्यस्तो सूचना रीतपूर्वक पठाइएको मानिनेछ ।

(६) तल नियम ५ मा निर्धारित गणपूरक संख्या पुग्न नसकी साधारणसभा हुन नसकेमा कम्तीमा ७ दिनको सूचना दिई अर्को साधारणसभा बोलाउन सकिनेछ । यस्तो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वकको सूचना दिएको मानिनेछ ।

(७) संचालकसमितिलाई कुनै पनि साधारणसभा स्थगित गर्ने अधिकार हुनेछ । तर सभा स्थगन गर्नुपर्ने आवश्यकता भएमा नेपाल राष्ट्र बैंक र सम्बन्धीत कार्यालयलाई यथाशीघ्र त्यसको सूचना दिइनेछ ।

५. गणपूरक संख्या:

कुल शेयरसंख्याको पचास प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरूमध्ये तीन जना शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई साधारणसभाको कामकारबाही हुनेछैन ।

तर नियम ४ को उपनियम ६ मा उल्लेख भएबमोजिम पुन: बोलाइएको साधारणसभामा कुल शेयरसंख्याको पच्चिस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी तीन जना शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्नेछैन ।

६. साधारणसभाको कार्यविधि:

(१) सबै प्रकारका साधारणसभामा बैंकको संचालकसमितिको अध्यक्षले सभापतित्व गर्नेछन् ।

(२) कुनै कारणवश अध्यक्ष अनुपस्थित भएमा साधारणसभाको सभापतित्व बैंकको संचालकसमितिको उपाध्यक्षले गर्नेछन् र उपाध्यक्ष पनि अनुपस्थित भएमा उपस्थित संचालकहरूले आफूमध्येबाट मनोनीत गरेको व्यक्तिले सभाको सभापतित्व गर्नेछन् ।

(३) सभा शुरू हुनुअघि सभाको वैधता विचार गरी गणपूरकसंख्या पुगे नपुगेको यकिन गरिनेछ ।

(४) गणपूरक संख्या पुगेको पाइएमा सभा विधिवत् सञ्चालन गर्न अध्यक्षले अनुमति दिनेछन् ।

(५) साधारणसभामा छलफल गरिने सबै विषयहरू प्रस्तावको रूपमा पेश गर्नुपर्नेछ । मतदान गरिएको प्रत्येक विषयमा सभाका बहुमत शेयर धारण गर्ने शेयरधनीहरूको रायलाई त्यस सभाको निर्णय मानिनेछ । त्यस्तो राय ध्वनि मत, हात उठाउन लगाउने, शेयरधनीहरूको समूह विभाजन, मतपत्रको प्रयोगलगायत सभापतिले तोकेको प्रक्रियाबमोजिम निर्धारण गर्न सकिनेछ । तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरूमध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरूले प्रस्तावको पक्षमा मत दिएमा मात्र


NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. कम्पनी सचिव

सो प्रस्ताव सभाद्वारा स्वीकृत भएको मानिनेछ ।

(६) मत बराबर हुन गएमा (हात देखाई वा मत खसाली दिएको कुनै पनि मत) सभाका अध्यक्षले शेयरधनीको हैसियतमा आफूले दिन पाउने मत वा मतहरूका अतिरिक्त थप निर्णायक मत दिन पाउनेछ ।

(७) साधारणसभाको अध्यक्षता गर्ने व्यक्तिले आवश्यक्ताअनुसार सभा स्थगित गर्न एवं सभा हुने अर्को मिति तोक्न सक्नेछ । जुन साधारणसभा स्थगित भएको हो सो सभा हुने दिनभन्दा पहिले वा पछि प्रचलित कम्पनीसम्बन्धी कानूनअनुसार सूचना दिइएको कुनै पनि विषयउपर यसरी स्थगित भई बोलाइएको सभामा छलफल र निर्णय गर्न सकिनेछ ।

(८) देहायका अवस्थामा बाहेक पहिले नै सूचित नगरिएका विषयमा साधारणसभामा कुनै निर्णय गर्न सकिनेछैन:

(क) यस नियमावलीका अन्य नियमहरूमा अन्यथा लेखिएकोमा बाहेक साधारणसभामा मतदान गर्न पाउने बैंकको जम्मा शेयरको सतसट्ठी प्रतिशत शेयरलाई प्रतिनिधित्व गर्ने शेयरधनीहरू स्वयं वा प्रतिनिधिमार्फत उपस्थित भई कुनै विषयमा निर्णय लिने पक्षमा मतदान गरेमा,

(ख) स्थगित भएको कुनै साधारणसभामा छलफलका निमित्त सूचित गरिएको कुनै विषय भएमा ।

(९) अध्यक्ष आफैले वा निजले तोकेको व्यक्तिद्वारा गोप्य मतद्वारा दिइएको मतको जाँच गर्नेछन् र त्यसपछि साधारणसभामा त्यसको परिणाम घोषणा गर्नेछन् ।

(१०) कुनै विषयमा मतदानको माग गरिएको कारणले त्यस विषयमा बाहेक अन्य कार्य सम्पादन गर्नको लागि सभा चालू राख्न बाधा पुऱ्याउनेछैन ।

(११) साधारणसभासम्बन्धी अन्य व्यवस्थाहरू प्रचलित कम्पनीसम्बन्धी कानूनमा उल्लेख भएबमोजिम हुनेछ ।

## ७. <u>विशेष साधारणसभा</u>

(१) प्रचलित कम्पनीसम्बन्धी कानूनमा भएको व्यवस्थाबमोजिम आवश्यक्ताअनुसार विशेष साधारणसभा बोलाइनेछ ।

(२) प्रचलित कम्पनीसम्बन्धी कानूनले विशेष साधारणसभाका लागि मात्र भनी विशेष रूपले गरिदिएका व्यवस्थाहरूबाहेक विशेष साधारणसभासम्बन्धी अन्य व्यवस्थाहरू साधारणसभासरह हुनेछ ।

## ८. <u>संचालकको नियुक्ति, संख्या र कार्यकाल:</u>

(१) संस्थापक समूह तथा सर्वसाधारण शेयरधनी समूह प्रत्येकले धारण गरेको शेयरको अनुपातमा संचालकहरू क्रमश: नियुक्त तथा निर्वाचित हुनेछन् ।

तर, स्वतन्त्र संचालकको नियुक्ति यस निमावलीको नियम १७ मा उल्लिखित



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. कम्पनी सचिव

व्यवस्थाको अधीनमा रही संचालकसमितिबाट हुनेछ ।

(२) संचालकसमितिमा ६ जना सदस्यहरू रहनेछन् र संचालकसमितिको गठन तथा समितिमा शेयरधनीहरूको समूहगत प्रतिनिधित्व देहायबमोजिम हुनेछ:

(क) संस्थापक शेयरधनी समूह (समूह "क") लाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट मनोनीत सदस्यहरू: ४

अ) एस.बि.आई.: ३

आ) कर्मचारी संचय कोष: १

(ख) सर्वसाधारण शेयरधनी समूह (समूह "ख") लाई प्रतिनिधित्व गर्ने शेयरधनीहरूबाट निर्वाचित: १

(ग) यस नियमावलीको नियम १७ बमोजिम संचालकसमितिले नियूक्त गर्ने स्वतन्त्र संचालक: १

(२अ) यस नियमावलीको नियम ८(२) बमोजिम गठीत बैंकको संचालक समितिमा मनोनीत, निर्वाचित वा नियुक्त भएका संचालकहरुमध्ये कम्तीमा १ (एक) जना संचालक महिला हूनेछ ।[३]

(३) नियमावलीबमोजिम मनोनीत, निर्वाचित वा नियूक्त भएका संचालकहरूको कार्यकाल बढीमा चार वर्षको हुनेछ । पदावधि समाप्त भई संचालकको पदबाट अवकाश प्राप्त गर्ने व्यक्ति संचालकको पदमा पुन: नियुक्त हुन सक्नेछ ।

तर, बैंकको कार्यकारी प्रमूख लगातार दूई पटकभन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियूक्त हून सक्ने छैनन् ।[४]

(४) सर्वसाधारण शेयरधनी समूहलाई प्रतिनिधित्व गर्ने कुनै संचालकको पद वार्षिक साधारणसभा हुनुअगावै कुनै कारणले रिक्त हुन आएमा बाँकी अवधिका लागि संचालकसमितिले अर्को संचालक नियुक्त गर्न सक्नेछ । कुनै संचालकको पद बीचमा रिक्त भई त्यस पदमा नियुक्त भएको संचालकको कार्यावधि सो संचालक जुन संचालकको पद रिक्त भई नियुक्त भएको हो त्यस संचालकको बाँकी पदावधिसम्मको लागि मात्र हुनेछ । एस. बि. आई. तथा कर्मचारी संचय कोषबाट मनोनित कुनै संचालकको पद निजको कार्यकाल समाप्त नहुँदै कुनै कारणले रिक्त हुन आएमा बाँकी कार्यकालको लागि सम्बद्ध संस्थाले अर्को संचालक नियुक्त गर्न सक्नेछन् ।

(५) एस. बि. आई. तथा कर्मचारी संचय कोषले संचालक नियुक्त गर्दा वैकल्पिक संचालकसमेत नियुक्त गर्न सक्नेछन्, त्यसरी नियुक्त वैकल्पिक संचालकलाई सम्वद्ध संचालकको अनुपस्थितिमा काम गर्ने अधिकार हुनेछ ।

(६) संचालकहरूले आफूमध्येबाट छानेको व्यक्ति संचालकसमितिको अध्यक्ष हुनेछ । संचालकसमितिको उपाध्यक्ष एस. बि. आई. लाई प्रतिनिधित्व गर्ने संचालकहरूमध्येबाट निर्वाचित हुनेछ । तर संचालकसमितिको अध्यक्ष एस. बि.

---

[३] बैंकको मिति २०७४/०९/१९ मा बसेको २४औं साधारण सभाले संशोधन गरेको ।

[४] बैंकको मिति २०७४/०९/१९ मा बसेको २४औं साधारण सभाले संशोधन गरेको ।



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

कम्पनी सचिव

आई. लाई प्रतिनिधित्व गर्ने संचालकहरूमध्येबाट निर्वाचित भएमा संचालकसमितिको उपाध्यक्ष एस. बि. आई. बाहेक अन्य शेयरधनीहरूको प्रतिनिधित्व गर्ने संचालकहरूमध्येबाट निर्वाचित हुनेछ ।

(७) सर्वसाधारण शेयरधनी समूह (समूह "ख") को प्रतिनिधित्व गर्ने कुनै संचालकलाई संचालकको पदबाट हटाउनुपर्ने भएमा साधारणसभामा सम्बद्ध समूहका शेयरधनीहरूको बहुमतबाट प्रस्ताव पारित गरी निजलाई हटाउन सकिनेछ । संस्थापक शेयरधनी समूह (समूह "क") को प्रतिनिधित्व गर्ने संचालकहरूको हकमा भने सम्बद्ध संस्थापक शेयरधनीहरू (एस.बि.आई. र कर्मचारी संचय कोष) ले आफ्नो निर्णयबमोजिम निजहरूका संचालकलाई हटाउन र नयाँ संचालक नियुक्त गर्न सक्नेछन् ।

८क. संचालकको योग्यता र अयोग्यता:

(१) कुनै पनि व्यक्ति संचालकको पदमा नियुक्त हुन देहायको योग्यता भएको हुनुपर्नेछ:

(क) तल नियम १३ मा उल्लेख भएबमोजिम संचालक हुन लिनुपर्ने न्यूनतम शेयर लिएको हुनुपर्नेछ ।

(ख) प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानूनमा तोकिएबमोजिमको योग्यता पुगेको र उक्त कानून एवं प्रचलित कम्पनीसम्बन्धी कानूनमा तोकिएबमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

(२) प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून तथा प्रचलित कम्पनीसम्बन्धी कानूनमा भएको व्यवस्थाअनुरूप कुनै पनि व्यक्ति संचालकको पदमा निर्वाचित हुन/मनोनीत हुन वा बहाल रहन अयोग्य मानिनेछ ।

८ख. संचालकको जवाफदेही र दायित्व: संचालकको जवाफदेही तथा दायित्व देहायबमोजिम हुनेछ:

(क) संचालकले बैंकमार्फत वा बैंकको कामको सिलसिलामा व्यक्तिगत फाइदा लिने कुनै काम गर्न हुँदैन ।

(ख) कुनै व्यक्ति संचालक नियुक्त भएपछि कार्यभार सहमाल्नुभन्दापहिले बैंकको कारोबारमा वा बैंकसँग भएको सम्झौता वा संलग्नतामा निजको निजी वा वित्तीय स्वार्थ भए त्यस्तो कुरा संचालकसमितिलाई जानकारी गराउनुपर्नेछ ।

(ग) बैंकको कारोबारको सिलसिलामा कुनै संचालकले व्यक्तिगत फाइदा लिएको पाइएमा सो रकम बैंकले त्यस्तो संचालकबाट असूलउपर गरी लिनेछ ।

(घ) बैंकको संचालकको हैसियतले काम गर्ने व्यक्तिले आफ्नो अधिकारक्षेत्र नाघी गरेको कुनै कामकारबाहीप्रति बैंक उत्तरदायी हुनेछैन ।

(ङ) संचालकले आफ्नो व्यक्तिगत हितका लागि वा बैंकलाई हानिनोक्सानी पुऱ्याउनको निमित्त कुनै कारोबार गर्न लागेको हो भन्ने जानी जानी वा विश्वास गर्ने कारण भएर पनि कसैले त्यस्तो संचालक वा प्रतिनिधिसँग कुनै कारोबार गरेको रहेछ भने त्यस व्यक्तिले बैंकउपर त्यस्तो कारोबारको सम्बन्धमा कुनै दाबी गर्न पाउनेछैन ।

(च) प्रबन्धसंचालक बाहेक अन्य संचालकले बैंकको व्यवस्थापनको दैनिक कामकारवाहीमा हस्तक्षेप गर्नुहुँदैन ।

(छ) बैंकका संचालकले पालना गर्नुपर्ने गरी नेपाल राष्ट्र बैंकले समयसमयमा दिएका निर्देशनलाई बैंकका संचालकले पालना गर्नुपर्नेछ ।

९. **संचालकसमितिको बैठक बोलाउने:**

अध्यक्षको आदेशअनुसार कम्पनीसचिवले साधारणतया कम्तीमा ७ दिनअगावै समितिको बैठक हुने मिति, समय, स्थान तथा छलफल हुने विषय (एजेन्डा) समेत स्पष्ट उल्लेख गरी बैठकको सूचना संचालकहरूलाई पठाउनेछन् । समितिको आकस्मिक बैठक छोटो सूचना दिई प्रबन्धसंचालकले बोलाउन सक्नेछन् । बैठकको सूचना संचालकहरूलाई निजहरूले बैंकलाई उपलब्ध गराएको ठेगानामा लिखित रूपमा पठाइनेछ । त्यस्तो सूचना विद्युतीय संचार माध्यमबाट पनि दिन सकिनेछ ।

१०. **संचालकसमितिको बैठक:**

(१) संचालकसमितिको बैठक आवश्यकताअनुसार बोलाइनेछ । कुल संचालकसंख्याको कम्तीमा एक तिहाई संचालकहरूले माग गरेमा नियम ९ मा उल्लिखित पदाधिकारीले १५ दिनभित्र संचालकसमितिको बैठक बोलाउनेछन् ।

(२) प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून तथा प्रचलित कम्पनीसम्बन्धी कानूनबमोजिम संचालकसमितिको बैठक बस्नेछ ।

(३) बैठकमा संचालकहरू आफैं उपस्थित हुनुपर्नेछ । तर एस.बि.आई. र कर्मचारी संचय कोषलाई प्रतिनिधित्व गर्ने संचालकहरू भने आ-आफ्ना वैकल्पिक संचालकहरूमार्फत बैठकमा उपस्थित हुन सक्नेछन् ।

(४) संचालकहरूको कुल संख्यामध्ये कम्तीमा ५१ प्रतिशत संचालकहरूको उपस्थिति भएमा संचालकहरूको बैठकको लागि गणपूरकसंख्या पूरा हुनेछ । तर समितिको नियमित बैठकमा एस. बि. आई. लाई प्रतिनिधित्व गर्ने कम्तीमा दुई संचालक र प्रबन्ध संचालकले बोलाएको आकस्मिक बैठकमा एस. बि. आई. लाई प्रतिनिधित्व गर्ने कम्तीमा एक संचालक उपस्थित हुनुपर्नेछ ।

तर प्रचलित कम्पनीसम्बन्धी कानून र प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानूनमा भएको व्यवस्थाबमोजिम संचालकसमितिको बैठकमा छलफल हुने कुनै विषयमा छलफल गर्न नपाउने (जस्तै सम्बद्ध संचालकसँग सम्बद्ध विषयमा छलफल गरिँदा) संचालकलाई गणपूरकसंख्याको प्रयोजनका लागि गणना गरिनेछैन ।

(५) संचालकसमितिका सबै बैठकहरूमा अध्यक्षले सभापतित्व गर्नेछन् । बैठकको समयमा अध्यक्ष अनुपस्थित रहेमा संचालकसमितिका उपाध्यक्षले बैठकको सभापतित्व गर्नेछन् । अध्यक्ष र उपाध्यक्ष दुवैजनाको अनुपस्थितिमा उपस्थित संचालकहरूले आफूमध्ये बहुमतबाट छानेको कुनै एक जना संचालकले बैठकको अध्यक्षता गर्नेछन् ।

(६) अध्यक्षले अनुमति दिएमा बैठकको कार्यसूची (एजेन्डा) मा उल्लेख नभएका विषयहरूमा पनि छलफल गर्न सकिनेछ ।

(७) संचालकसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएको


NEPAL SBI BANK LTD. KTM. कम्पनी सचिव

अवस्थामा अध्यक्षले संचालकको हैसियतले दिन पाउने मतका अतिरिक्त थप निर्णायक मत दिन सक्नेछन् ।

(८) संचालकसमितिको बैठकमा उपस्थित संचालकहरूको नाम, छलफल भएको विषय र तत्सम्बन्धमा भएका निर्णयको विवरण (माइन्युट) को छुट्टै अभिलेख राखिनेछ । त्यस्तो अभिलेख (माइन्युटबुक) मा बैठकमा उपस्थित सम्पूर्ण संचालकले सही गरेको हुनुपर्नेछ ।

तर कुनै विषयमा छलफल गर्दा कुनै संचालकले निर्णयको विपरीत वा त्यस्तो निर्णय हुने कुराभन्दा फरक विचार राखेमा सोही कुरा निजले अभिलेखमा उल्लेख गर्न सक्नेछ ।

(९) निर्णयपुस्तिका (माइन्युटबुक) गोप्य राख्नुपर्नेछ ।

(१०) संचालकसमिति वा संचालकहरूको कुनै उपसमितिले गर्न पाउने कुनै काम वा निर्णयको सम्बन्धमा संचालकसमिति वा उपसमितिका सबै सदस्यहरू लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णयपुस्तिकामा अभिलेख गरी त्यस्तो काम बैठकविना पनि गर्न सकिनेछ ।

## ११. संचालकनियुक्तिसम्बन्धी खास व्यवस्था:

हाल संचालकनियुक्तिसम्बन्धी खास व्यवस्था गरिएको छैन ।

## १२. साधारणसभाको निर्णयको अभिलेख र त्यसको प्रतिलिपि तथा निरीक्षणसम्बन्धी व्यवस्था:

(१) बैंकले साधारणसभामा भएको कामकारबाहीको विवरण (माइन्युट) एउटा छुट्टै किताबमा राख्नेछ, जसमा सभाका अध्यक्ष र कम्पनीसचिवले सही गर्नेछन् । त्यस्तो साधारणसभाको कामकारबाहीको विवरण (माइन्युटबुक) बैंकको रजिष्टर्ड कार्यालयमा राखिनेछ ।

(२) साधारणसभाको कामकारबाहीको विवरण कुनै शेयरधनीले हेर्न चाहेमा कम्पनी सचिव वा बैंकले तोकेको अन्य कुनै कर्मचारीले कार्यालयसमयभित्र सो हेर्न दिनेछन् ।

(३) कुनै शेयरधनीले साधारणसभाको कामकारबाहीको विवरणको प्रतिलिपि लिन चाहेमा बैंकले त्यसको प्रतिलिपि उपलब्ध गराउनेछ ।

## १३. संचालक हुन लिनुपर्ने न्यूनतम शेयरसंख्या:

कुनै पनि व्यक्ति बैंकको संचालकको पदमा निर्वाचित हुनको लागि योग्य हुन बैंकको कम्तीमा १०० (एक सय) शेयर आफ्नो नाउँमा लिएको हुनुपर्नेछ । तर संचालक हुनका लागि लिनुपर्ने शेयरको यो व्यवस्था एस. बि. आई. तथा कर्मचारी संचय कोषलाई प्रतिनिधित्व गर्ने संचालक र संचालकसमितिले नियुक्त गर्ने व्यावसायिक विशेषज्ञ संचालकको हकमा लागू हुनेछैन ।

## १४. प्रोक्सी मतसम्बन्धी व्यवस्था:

(१) बैंकका शेयरधनीबाहेकका व्यक्तिहरू प्रोक्सीको रूपमा नियुक्त हुनको लागि योग्य हुनेछैनन् ।

(२) साझा गरी एक जनाभन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरूद्वारा नियुक्त गरिएको साझेदारले वा निजले यस नियमावलीको व्यवस्थाबमोजिम नियुक्त गरेको प्रतिनिधिले र सोबमोजिम कुनै साझेदार नियुक्त हुन नसकेमा बैंकले खडा गरेको शेयरधनीहरूको दर्ताकिताबमा ती साझेदारहरूमध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ, सोही साझेदारले दिएको मत वा प्रतिनिधिपत्र मात्र मान्य हुनेछ ।

(३) सम्बद्ध शेयरधनीको मृत्यु भएमा वा प्रतिनिधि (प्रोक्सी) लाई प्रदान गरिएको अख्तियारी रद्द गरिएको लिखित सूचना सभा शुरू हुनुभन्दाअगावै बैंकको मुख्य कार्यालयमा प्राप्त नभएमा शेयरधनीको प्रतिनिधि (प्रोक्सी) ले गरेको मतदान अवैध हुनेछैन । तर सम्बद्ध शेयरधनी सभामा आफै उपस्थित भएको र निजको उपस्थितिबारे सभाको कामकारबाही शुरू हुनअगावै अध्यक्षलाई सूचना दिइएमा शेयरधनीबाट प्रतिनिधि (प्रोक्सी) लाई दिइएको अख्तियारीपत्र स्वतः अमान्य हुनेछ ।

(४) प्रतिनिधि नियुक्तिपत्र प्रचलित कम्पनीसम्बन्धी कानूनले तोकेको ढाँचामा हुनुपर्नेछ । त्यस्तो प्रतिनिधिपत्र सभाको लागि तोकिएको समयभन्दा कम्तीमा १२० घण्टाअगावै बैंकको प्रधान कार्यालयमा दर्ता भएको हुनुपर्नेछ ।

(५) प्रतिनिधि (प्रोक्सी) को अख्तियारी रद्द गर्न वा त्यस लाई रद्द गरी अर्कोलाई दिन चाहेमा रद्द गरिएको सूचना सभाको लागि तोकिएको समयभन्दा कम्तीमा ७२ घण्टाअगावै बैंकको प्रधान कार्यालयमा पुगिसकेको हुनुपर्नेछ ।

(६) एउटै साधारणसभामा उपस्थित हुनको लागि एकभन्दा बढी व्यक्तिहरू प्रतिनिधि (प्रोक्सी) नियुक्त भएमा माथि उपनियम (५) बमोजिम कुनै एक प्रोक्सी कायम गरिएकोमा बाहेक कुनै पनि प्रोक्सीले सभामा उपस्थित हुन तथा मतदान गर्न पाउनेछैन ।

(७) कुनै गूठी (ट्रष्ट), संस्था, कम्पनी वा नेपाल सरकार वा अन्य संगठित संस्थाले बैंकको शेयर लिएको अवस्थामा त्यस्ता शेयरधनीबाट मनोनीत गरिएको प्रतिनिधिले शेयरधनीको हैसियतले मतदान गर्न सक्नेछ र त्यस्तो व्यक्तिलाई शेयरधनीको प्रतिनिधि (प्रोक्सी) ठानिनेछैन र साथै त्यस्तो प्रतिनिधिले संचालकको निर्वाचनमा आफ्नो उम्मेदवारी दिन पाउनेछैन ।

(८) नाबालक शेयरधनीको संरक्षकले सभामा उपस्थित हुन र मतदान गर्न वा निजको तर्फबाट प्रोक्सी नियुक्त गर्न सक्नेछ ।

१५. <u>मतदान गर्ने अधिकार:</u>

प्रचलित कम्पनीसम्बन्धी कानून र यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक बैंकका प्रत्येक शेयरधनीलाई आफूले लिएको प्रत्येक शेयरबापत एउटा मत दिने अधिकार हुनेछ ।

१६. <u>हटाइएको ।</u>[५]

१७. <u>स्वतन्त्र संचालकसम्बन्धी व्यवस्था:</u>

---

[५] बैंकको मिति २०७४/०५/१२ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम मिति २०७४/०७/२० मा नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई मिति २०७४/०७/२२ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको ।



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.
कम्पनी सचिव

प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानूनले गरेको व्यवस्थाबमोजिम बैंकले एक जना स्वतन्त्र संचालक नियुक्त गर्नेछ । त्यस्तो संचालकको पदावधि, योग्यता लगायतका विषयहरु प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुनमा तोकिए बमोजिम हूनेछ र त्यस्तो संचालकको नियूक्तीको जानकारी लगतै बस्ने साधारणसभालाई दिइनेछ ।

१८. <u>प्रबन्धसंचालकको नियुक्ति:</u>

प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंक र एस. बि. आई. बीच सम्पन्न प्राविधिक सेवा सम्झौताबमोजिम एस. बि. आई. लाई प्रतिनिधित्व गर्ने संचालकहरूमध्येबाट एस. बि. आई. को सिफारिशमा संचालकसमितिले एक प्रबन्धसंचालकको नियुक्ति गर्नेछ ।

१९. <u>प्रबन्धसंचालकको योग्यता, पारिश्रमिक तथा सेवाका शर्त एवं काम, कर्तव्य र अधिकार:</u>

(१) प्रबन्धसंचालकको योग्यता प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून र प्रचलित कम्पनीसम्बन्धी कानूनले तोकेबमोजिम हुनेछ ।

(२) प्रबन्धसंचालकको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरू प्राविधिक सेवा संझौतामा भएको व्यवस्थाको अधीनमा रही संचालकसमितिले निर्णय गरेबमोजिम हुनेछ ।

(३) संचालकसमितिबाट निर्धारण गरिएका शर्त तथा बन्देजअनुसार प्रबन्धसंचालक आफ्नो पदमा बहाल रहनेछन् र निजको कार्यकाल बढीमा चार वर्षको हुनेछ । संचालकसमितिबाट निजको पुनर्नियुक्ति हुन सक्नेछ ।

(४) प्रबन्धसंचालकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

(क) संचालकसमितिको निर्णय लागू गर्ने र प्रबन्धपत्र, यस नियमावली र प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून तथा बैंक र एस.बि.आई बीच सम्पन्न प्राविधिक सेवा संझौताको अधीनमा रही बैंकको कामकारबाही तथा कारोबारको रेखदेख र नियन्त्रण गर्ने,

(ख) बैंकको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि संचालकसमितिसमक्ष पेश गर्ने,

(ग) बैंकको कर्मचारीविनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(घ) संचालकसमिति र साधारणसभाद्वारा गरिएका निर्णय र नेपाल राष्ट्र बैंकद्वारा निर्देशित कुराहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंकले नेपाल राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,

(च) बैंक संचालन गर्ने सम्बन्धमा तोकिएबमोजिमका अन्य सबै कार्यहरू



NEPAL SBI BANK LTD. CORPORATE OFFICE K.T.M.
कम्पनी सचिव

गर्ने ।

(५) प्रबन्धसंचालक आफ्नो कामको निमित्त संचालकसमितिप्रति उत्तरदायी हुनेछन् ।

२०. बैंकको प्रमुख प्रशासक: प्रबन्धसंचालक बैंकको प्रमुख प्रशासक हुनेछन् ।

२१. संचालकसमितिको काम, कर्तव्य र अधिकार:

(१) साधारणसभाबाट हुने कामबाहेक प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून, यस नियमावली, प्रबन्धपत्र तथा प्रचलित कानूनको अधीनमा रही बैंकले गर्नुपर्ने सबै काम र प्रयोग गर्ने सम्पूर्ण अधिकारहरू संचालकसमितिमा निहित रहनेछ । आफूले गर्नुपर्ने काम सुव्यवस्थित रूपले संचालन गर्न संचालकसमितिले आवश्यक विनियम बनाउन सक्नेछ ।

(२) यस नियमावली तथा प्रबन्धपत्रमा अन्यथा व्यवस्था भएकोमा बाहेक संचालकसमितिले आफूमध्येका कुनै संचालकलाई वा बैंकका कुनै पदाधिकारीलाई एक्लै वा संयुक्त रूपमा बैंकको तर्फबाट लेखापढी गर्न वा विनिमेय अधिकारपत्र वा चेक आदिमा सहीछाप गर्नसमेत सबै वा केही अधिकार सुम्पी आफ्नो प्रतिनिधि खडा गर्न सक्नेछ ।

(३) संचालकसमितिले कुनै खास प्रयोजनको लागि आवश्यकताअनुसार एक वा एकभन्दा बढी उपसमिति गठन गर्न सक्नेछ । त्यसरी गठन भएको उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यावधि र बैठकमा भाग लिएबापत पाउने पारिश्रमिक वा भत्ता संचालकसमितिले समयसमयमा तोकेबमोजिम हुनेछ ।

(४) संचालकसमितिले आफ्नो रेखदेख वा निर्देशनमा काम गर्ने गरी आफ्नो केही अधिकार अध्यक्ष, संचालक, आफूद्वारा गठित उपसमिति, प्रबन्धसंचालक वा कार्यकारी प्रमुख भई काम गर्ने कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई प्रत्यायोजन गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम अध्यक्ष, संचालक, संचालकसमितिद्वारा गठित उपसमिति, प्रबन्धसंचालक, कार्यकारी प्रमुख वा कार्यकारी प्रमुख भई काम गर्ने कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले आफूले पाएको अख्तियारी आफ्नो जवाफदेहीमा आफूमातहतका कर्मचारीलाई सुम्पन सक्नेछ ।

(६) संचालकसमितिको काम, कर्तव्य र अधिकारसम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून, प्रचलित कम्पनीसम्बन्धी कानून तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछ ।

२२. शेयरमा लियन:

शेयरधनीहरूले बैंकलाई तिर्न बाँकी शेयरको रकम वा कानूनबमोजिम बैंकलाई बुझाउनुपर्ने बाँकी रकमबापत निजहरूका नाममा दर्ता भएको शेयर र त्यसबापत बाँडिने लाभांशसमेत बैंकले रोक्का गर्न र त्यस्तो रकम लाभांशबाट कट्टा गरी लिन सक्नेछ ।

२३. विभिन्न वर्गका शेयर, शेयरधनीको हक तथा विशेष सुविधा:

(१) हाललाई बैंकका सबै शेयरहरू साधारण शेयरहरू हुनेछन् ।

(२) प्रचलित कम्पनीसम्बन्धी कानूनमा भएको व्यवस्थाबमोजिम बैंकका शेयरधनीहरूलाई कम्पनीको साधारण शेयरमा निहित हक तथा विशेष सुविधा प्राप्त हुनेछ ।

२४. अग्राधिकार शेयरसम्बन्धी व्यवस्था:

बैंकले भविष्यमा पूँजीको आवश्यकता तथा त्यसको पर्याप्तताका आधारमा प्रचलित कानूनबमोजिम साधारणसभामा प्रस्ताव पारित गरी तथा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई फिर्ता हुने (रिडिमेवल), फिर्ता नहुने (इरिडिमेवल) तथा अन्य प्रकारका अग्राधिकार शेयरहरू जारी गर्न सक्नेछ ।

२५. शेयरबापतको रकमको भुक्तानीको माग तथा शेयर जफतसम्बन्धी व्यवस्था:

शेयरबापतको रकमको भुक्तानीको माग, शेयरको बाँडफाँड तथा शेयर जफतसम्बन्धी व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून, प्रचलित कम्पनीसम्बन्धी कानून र प्रचलित धितोपत्रसम्बन्धी कानूनमा तोकिएबमोजिम हुनेछ ।

२६. शेयर हस्तान्तरण तथा शेयरसम्बन्धी अन्य व्यवस्था:

(१) प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून, प्रचलित कम्पनीसम्बन्धी कानून र अन्य प्रचलित कानूनमा भएको व्यवस्थाको अधीनमा रही सम्बद्ध निकायको स्वीकृति लिई बैंकको शेयर देहायबमोजिम हस्तान्तरण हुनेछ:

(क) बैंकको कुनै शेयरधनीले आफ्नो शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरिद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिएको ढाँचामा तोकिएको दस्तुर, शेयर खरिद बिक्रीसँग सम्बद्ध लिखत र शेयरको प्रमाणपत्रसहित बैंकको रजिष्टर्ड कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(ख) माथि खण्ड (क) बमोजिम निवेदन परेमा बैंकले मौजुदा शेयरधनीको नाम हटाई नयाँ शेयरधनीको नाम शेयरधनीहरूको रजिष्टरमा दर्ता गर्नेछ ।

(२) शेयर बाँडफाँड भएको मितिले दुई महिनाभित्र प्रत्येक शेयरधनीलाई निजले लिएको शेयरबापत कुनै संचालक वा प्रबन्धसंचालक वा कम्पनीसचिवमध्ये कुनै दुई जनाले दस्तखत गरी बैंकको छाप लगाई शेयरप्रमाणपत्र दिइनेछ । शेयरप्रमाणपत्रसम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनीसम्बन्धी कानूनमा उल्लेख भएबमोजिम हुनेछ ।

(३) प्रचलित कम्पनीसम्बन्धी कानूनले तोकेको ढाँचामा शेयरधनीहरूको दर्ताकिताब तयार गरी कम्पनीको रजिष्टर्ड कार्यालयमा राखिनेछ । साधारणसभाको बखत बैंकले विद्यमान शेयरधनीहरूको अद्यावधिक लगत (अभिलेख) तयार गर्नेछ । वार्षिक साधारणसभाको सूचना प्रकाशित भएपछि तीस दिनसम्म संचालकसमितिले शेयरधनीहरूको दर्ता किताब बन्द गर्न सक्नेछ ।

(४) प्रत्येक शेयरधनीले आफ्नो नाम तथा वतन बैंकमा दर्ता गराउनुपर्नेछ । यसरी दर्ता गराएको वतनमा कुनै परिवर्तन भएमा त्यससम्बन्धमा बैंकलाई



NEPAL SBI BANK LTD CORPORATE OFFICE KTM.

कम्पनी सचिव

तुरुन्त जानकारी गराउनुपर्नेछ ।

(५) दुई वा त्यसभन्दा बढी व्यक्तिहरूले साझा गरी लिएको शेयरबापत शेयरप्रमाणपत्र दिँदा निजहरूको नाम प्रमाणपत्रमा जनाई त्यसमध्ये कसैलाई शेयरप्रमाणपत्र दिन सकिनेछ । तर शेयरधनीको दर्ता किताबमा भने सबै शेयरधनीको नाम जनाउनुपर्नेछ । नाबालक वा मगज बिग्रेको व्यक्तिको हकमा त्यस्तो नाबालक वा मगज बिग्रेको व्यक्तिको तर्फबाट संरक्षकले त्यस्तो शेयरको संचालन गर्नेछ ।

(६) साझा गरी शेयर लिने शेयरधनीहरूबीचको संझौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक सबै साझेदारहरूको त्यस्तो शेयरमा बराबर हक भएको मानिनेछ र कुनै साझेदारको मृत्यु भई निजको हकदारको टुंगो लाग्न लामो समय लाग्ने भएमा सबै साझेदार शेयरधनीहरूबीच शेयरको मूल्य समान रूपमा भागबण्डा लगाई मृत्यु भएको शेयरधनीको भाग छुट्ट्याइनेछ र बाँकी रहेको मूल्य बाँकी रहेका शेयरधनीहरूको नाममा हस्तान्तरण गरिनेछ र त्यसपछि सो शेयर संचालन गर्न निजहरूलाई अनुमति दिइनेछ ।

(७) नाबालक शेयरधनी वा मगज बिग्रेको शेयरधनीको संरक्षक निजका बाबु आमाबाहेक अर्को व्यक्ति भएमा सो व्यक्ति प्रचलित कानूनअन्तर्गत तोकिएको अधिकारीद्वारा नियुक्त भएको हुनुपर्नेछ ।

(८) शेयरको सिलसिलेवारसंख्या तथा बैंकको छाप भएको शेयरप्रमाणपत्रमा जुन व्यक्तिको नाम रहेको छ वा जुन व्यक्तिको नाममा शेयर हस्तान्तरण भएको छ, सोही व्यक्ति त्यस्तो शेयरको धनी भएको मानिनेछ । तर कुनै नाबालक वा मगज बिग्रेको व्यक्तिको शेयर निजको संरक्षकको नाममा दर्ता भएमा त्यस्तो नाबालक वा मगज बिग्रिएको व्यक्ति नै शेयरको धनी मानिनेछ ।

(९) शेयरपूँजीमा भएको वृद्धिको कारणले जारी हुने शेयर प्रचलित कम्पनीसम्बन्धी कानून तथा प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानूनको अधीनमा रही विद्यमान शेयरधनीहरूबीच बाँडफाँड गरिनेछ । तर संचालकसमितिले त्यस्तो शेयरको पाँच प्रतिशतमा नबढ्ने गरी बैंकका कामदार तथा कर्मचारीको लागि शेयर छुट्ट्याउन सक्नेछ ।

(१०) शेयरप्रमाणपत्र हराएमा वा नष्ट भएमा वा नोक्सान भएमा त्यसरी हराएको वा नष्ट भएको वा नोक्सान भएको शेयरप्रमाणपत्रको सट्टामा नयाँ प्रमाणपत्र लिन चाहने शेयरधनीले हराएको वा नोक्सान भएको थाहा पाएको मितिले ३५ दिनभित्र सो बेहोरा उल्लेख गरी बैंकको रजिष्टर्ड कार्यालयमा दरखास्त दिनुपर्नेछ । यसरी कुनै दरखास्त पर्न आएमा बैंकले त्यससम्बन्धमा आवश्यक सबै कुरा बुझी दरखास्तमा उल्लिखित व्यहोरा मनासिब देखिए प्रतिलिपिबापत रु. १००/- प्रति कपी दस्तुर लिई दरखास्तवालालाई अर्को शेयरप्रमाणपत्र दिइनेछ ।

(११) बैंकका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनीसचिव वा बैंकको व्यवस्थापन तथा लेखासम्बन्धी कार्यमा प्रत्यक्ष रूपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म बैंक वा बैंकको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवार वा आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न गराउन, गर्नदिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन ।



NEPAL SBI BANK LTD CORPORATE OFFICE KTM

कम्पनी सचिव

तर नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिबन्ध लागू हुनेछैन ।

(१२) शेयरसम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून, प्रचलित कम्पनीसम्बन्धी कानून तथा प्रचलित धितोपत्रसम्बन्धी कानूनमा उल्लेख भएबमोजिम हुनेछ ।

२७. शेयरपूँजीमा हेरफेर:

नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति लिई प्रचलित कम्पनीसम्बन्धी कानून, प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही बैंकले आफ्नो शेयरपूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।

२८. बैंकले आफ्नो शेयर आफैं खरिद गर्ने:

प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून तथा प्रचलित कम्पनीसम्बन्धी कानूनको अधीनमा रही बैंकले आफ्नो शेयर आफैं खरिद गर्न सक्नेछ ।

२९. संचालकहरूको पारिश्रमिक तथा सुविधासम्बन्धी व्यवस्था:

संचालकहरूको मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधाहरू देहायबमोजिम हुनेछन्:

(क) बैंकको काममा सहभागी भएबापत बैंकका कुनै पनि संचालकलाई मासिक पारिश्रमिक दिइने छैन । प्रबन्धसंचालकको पारिश्रमिक तथा अन्य सुविधाहरू संचालकसमितिले तोकेबमोजिम तथा बैंक र एस.बि.आई. बीच सम्पन्न प्राविधिक सेवासंझौतामा भएको व्यवस्थाबमोजिम हुनेछ ।

(ख) संचालकले पाउने बैठकभत्ता देहायबमोजिम हुनेछ:

| | |
|---|---|
| संचालकसमितिका अध्यक्ष: | रु. १२,५००/-प्रतिबैठक |
| अन्य संचालक: | रु. १०,०००/-प्रतिबैठक |

माथि उल्लेख गरिएबमोजिम संचालकसमितिको बैठकमा भाग लिएबापत संचालकसमितिका सदस्यहरूलाई दिइने बैठकभत्ता संचालकसमितिले गठन गरेका उपसमितिहरूको बैठक समेतमा भाग लिएबापत दिइनेछ ।

(ग) बैंकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमणभत्ता देहायबमोजिम हुनेछ:

(अ) दैनिक भत्ता:

(क) नेपाल, भारत र भुटानभित्रको यात्राका लागि:

- प्रतिदिन अमेरिकी डलर १०० बराबरको दैनिक भत्ता ।
- लजिङ, बोर्डिङ तथा यातायातखर्च वास्तविक खर्चको आधारमा ।

(ख) भारत र भुटानबाहेक नेपालबाहिरको यात्राका लागि:

- लजिङ तथा बोर्डिङ खर्चसमेतका लागि दैनिक भत्ता प्रतिदिन अध्यक्षको हकमा अमेरिकी डलर ५०० बराबर र अन्य संचालकको हकमा अमेरिकी डलर ४०० बराबर ।

(आ) भ्रमण (यातायात) खर्च: भ्रमण (यातायात) खर्च वास्तविक खर्चको आधारमा दिइनेछ ।

(घ) स्थानीय संचालकहरूलाई बढीमा रु. ३,०००/- को सीमाभित्र रही मासिक शोधभर्ना हुने गरी मोबाइल टेलिफोन सुविधा दिइनेछ । अन्य सुविधाहरू समयसमयमा साधारणसभाले निर्धारण गरेबमोजिम हुनेछ ।

(घ$_1$) स्थानीय संचालकहरुलाई पत्रपत्रिका तथा समाचार सामाग्री वापत मासिक रु. १००००/- खर्च दिइनेछ । उक्त खर्च यो संशोधन कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भए पश्चात भूक्तानी दिइनेछ ।

(ङ) संचालकले यस नियमावलीमा लेखिएबाहेक कुनै व्यक्तिगत फाइदा वा सुविधा लिएको पाइएमा प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानूनबमोजिम कसूर गरेको मानी त्यस्तो रकम निजबाट असूलउपर गरिनेछ ।

३०. बैंकको छापको प्रयोग:

(१) बैंकका कुनै पनि आधिकारिक कागजातहरूमा छापको प्रयोग संचालकसमितिले निर्णय गरेबमोजिम हुनेछ ।

(२) बैंकको छाप प्रबन्ध संचालकको मातहतमा रहनेछ, जसको प्रयोग बैंकको कारोबारको प्रयोजनको लागि गरिनेछ । निजले बैंकका अन्य कर्मचारीहरुलाई छाप प्रयोग गर्ने गरी जिम्मेवारी सुम्पन सक्नेछ ।

(३) बैंकको छाप अनाधिकृत रुपमा प्रयोग गरी बैंकलाई कुनै दायित्व श्रृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत श्रृजना हुने रकम असुल उपर गरिनेछ ।

३१. बैंकको लेखा, हिसाबकिताब र लेखापरीक्षण:

(१) बैंकले आफ्नो हिसाबकिताब, खाता, बही, स्रेस्ता, लेखाको अभिलेख यथार्थ र दुरुस्त रूपमा दोहोरो लेखाप्रणालीमा आधारित सर्वमान्य सिद्धान्तअनुरूप राख्नेछ र यस्तो लेखा नेपाल राष्ट्र बैंकले अन्यथा स्वीकृति दिएकोमा बाहेक आफ्नो रजिष्टर्ड कार्यालयमा राख्नेछ ।

(२) बैंकले आफ्नो वासलात र नाफानोक्सान-हिसाब तथा नगदप्रवाह-विवरणलगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरिकाअनुसार राख्नेछ ।

(३) बैंकले आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र वासलात, नाफानोक्सान-हिसाब र नगदप्रवाह-विवरणलगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीकाअनुसार तयार गरी लेखापरीक्षण गराउनेछ । यस्तो वित्तीय विवरणमा कम्तीमा दुई जना संचालक, प्रबन्धसंचालक र लेखापरीक्षकको सही भएको हुनुपर्नेछ ।

(४) लेखापरीक्षकको नियुक्ति साधारणसभाबाट हुनेछ । तर, साधारणसभाले एउटै लेखापरीक्षकलाई लगातार तीन पटकभन्दा बढी अवधिको लागि नियुक्त गर्न



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM
कम्पनी सचिव

सक्नेछैन ।

(५) लेखापरीक्षकको पारिश्रमिक शेयरधनीहरूले साधारणसभामा निर्णय गरेबमोजिम हुनेछ ।

(६) साधारणसभाले उपनियम (४) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा यस नियमावलीको नियम ३२ बमोजिम गठन हुने लेखापरीक्षणसमितिको सिफारिशमा नेपाल राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचिमा समावेश रहेका लेखापरीक्षकहरूमध्येबाट चार्टर्ड एकाउन्टेण्टलाई नियुक्त गर्नुपर्नेछ । त्यसरी नियुक्त भएको लेखापरीक्षकको नाम निज नियुक्त भएको मितिले १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनुपर्नेछ ।

(७) कथंकदाचित् बैंकले उपनियम (३) मा उल्लिखित अवधिभित्र लेखापरीक्षण गराउन नसकेको खण्डमा मनासिब कारण खोली म्याद थपका लागि नेपाल राष्ट्र बैंकसमक्ष निवेदन गर्नेछ । यसरी गरिएको थप अवधि बढीमा तीन महिनाको हुनेछ ।

(८) लेखापरीक्षकले आफूले गरेको लेखापरीक्षणप्रतिवेदनको एक/एक प्रति बैंक र नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्नेछ । बैंकले त्यस्तो प्रतिवेदनलाई आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्नेछ ।

(९) बैंकको अद्यावधिक हिसाबकिताब कुनै शेयरधनीले हेर्न चाहेमा बैंकले सो हेर्न दिनेछ ।

(१०) लेखापरीक्षकको काम, कर्तव्य र अधिकार तथा लेखापरीक्षणसम्बन्धी अन्य व्यवस्थाहरू प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून तथा प्रचलित कम्पनीसम्बन्धी कानूनमा तोकिएबमोजिम हुनेछ ।

३२. <u>लेखापरीक्षणसमितिसम्बन्धी व्यवस्था:</u>

बैंकमा एक लेखापरीक्षणसमिति हुनेछ । लेखापरीक्षणसमितिको गठन, काम, कर्तव्य र अधिकार तथा लेखापरीक्षणसमितिसम्बन्धी अन्य व्यवस्था नेपाल राष्ट्र बैंकले तोकेबमोजिम तथा प्रचलित कानूनबमोजिम हुनेछ ।

३३. <u>ऋण वा डिबेन्चरसम्बन्धी व्यवस्था:</u>

बैंकले ऋण वा डिबेन्चर उठाउन आवश्क ठानेमा प्रचलित कम्पनीसम्बन्धी कानून तथा प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानूनमा भएको व्यवस्थाको अधीनमा रही ऋण वा डिबेन्चर उठाउन सक्नेछ ।

३४. <u>बैंक गाभ्ने:</u>

यस बैंकमा कुनै अर्को बैंक/वित्तीय संस्थालाई वा यस बैंकलाई कुनै अर्को बैंक/वित्तीय संस्थामा गाभ्न आवश्यक भएमा प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून तथा प्रचलित कम्पनीसम्बन्धी कानूनबमोजिमको प्रक्रिया पूरा गरी गाभ्न सकिनेछ ।

३५. <u>लाभांशसम्बन्धी व्यवस्था:</u>



कम्पनी सचिव

(१) प्रचलित कानूनअन्तर्गत पूरा गर्नुपर्ने शर्तहरू पूरा गरी बैंकले आफ्नो खूद मूनाफामध्येबाट लाभांश वा अन्तरिम लाभांश घोषणा गर्न सक्नेछ ।

(२) लाभांश वा अन्तरिम लाभांशको रकम संचालकसमितिले सिफारिश गरेबमोजिम हुनेछ ।

(३) लाभांशको घोषणा तथा वितरण गर्नुपूर्व बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिनेछ ।

(४) लाभांशपूर्जाहरू (डिभिडेन्ड वारेन्ट्स) शेयरधनीहरूको बैंकमा दर्ता भएको ठेगानामा पठाइनेछ । एस.बि.आई. ले लिएको शेयरबापतको लाभांशको हकमा लाभांश घोषणा गरेको समयमा एस.बि.आई. ले तोकेअनुसार त्यस्तो लाभांश विदेशी मुद्रामा परिणत गरिनेछ र अन्य शेयरधनीलाई लाभांशपूर्जा पठाएसरह पठाइनेछ ।

(५) लाभांश घोषणा गरेको समयमा शेयरधनीहरूको दर्ताकिताबमा नाम दर्ता भएका शेयरधनीहरू मात्र लाभांशका हकदार हुनेछन् ।

(६) लाभांशसम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनीसम्बन्धी कानून तथा प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानूनमा व्यवस्था भएबमोजिम हुनेछ ।

३६. <u>शेयरदर्ताकिताबको निरीक्षण:</u>

(१) बैंकका कुनै शेयरधनीले शेयरदर्ताकिताब निरीक्षण गर्न चाहेमा बैंकले निरीक्षण गर्न दिनेछ ।

तर राष्ट्रिय स्तरको पत्रिकामा सात दिनअगावै सूचना प्रकाशन गरी एक वर्षमा पैंतालिस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म शेयरदर्ताकिताबको निरीक्षण बन्द गर्न सकिनेछ ।

(२) कुनै शेयरधनीले शेयरदर्ताकिताबको प्रतिलिपि लिन चाहेमा प्रतिपृष्ठ रु. २/- दस्तुर लिई बैंकले त्यसको प्रतिलिपि दिनेछ ।

३७. <u>कम्पनीसचिवसम्बन्धी व्यवस्था:</u>

(१) प्रचलित कम्पनीसम्बन्धी कानूनमा भएको व्यवस्थाको अधीनमा रही बैंकले एक जना कम्पनीसचिव नियुक्त गर्नेछ ।

(२) कम्पनीसचिवको सेवाका शर्तहरू बैंकको कर्मचारीसेवाविनियमावली तथा निजको नियुक्तिको शर्त (Terms of Appointment) मा तोकिएबमोजिम हुनेछ ।

(३) कम्पनीसचिवको काम, कर्तव्य र अधिकार तथा कम्पनीसचिवसम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनीसम्बन्धी कानूनमा तोकिएबमोजिम हुनेछ ।

३८. <u>अन्य आवश्यक कुराहरू :</u>

(१) बैंकको आर्थिक वर्ष श्रावण १ गते शुरू भई अर्को वर्षको आषाढमसान्तमा समाप्त हुनेछ ।



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

कम्पनी सचिव

(२) बैंकका शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबूल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहेको छ ।

(३) नेपाल राष्ट्र बैंकले निर्देशन दिएबमोजिम तोकिदिएको मितिभित्र तोकिएको ढाँचामा बैंकले आफ्नो वित्तीय विवरण र अन्य आवश्यक विवरणहरू नियमित रुपले नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्नेछ ।

(४) बैंकमा रहेको निक्षेपउपर सो निक्षेप राख्ने व्यक्तिबाहेक अरू कसैको हकदाबी लाग्नेछैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाइएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने देहायका व्यक्तिमध्ये प्राथमिकताक्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेपउपर पहिलो हकदाबी लाग्नेछ:

(क) सगोलको पति वा पत्नी,
(ख) सगोलको छोरा, धर्मपुत्र वा छोरी वा धर्मपुत्री,
(ग) सगोलको बाबु, आमा, छोरापट्टिको नाति वा नातिनी,
(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, अविवाहिता छोरी, बाबु वा आमा,
(ङ) सगोलको बाबुपट्टिको बाजे, बज्यै, दाजु, भाइ, अविवाहिता दिदी वा बहिनी,
(च) सगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेको छोरापट्टिको नाति वा अविवाहिता नातिनी,
(छ) सगोलको काका, विधवा काकी, भाउज्यु, भाइ–बुहारी वा नातिनी–बुहारी,
(ज) भिन्न बसेको दाजु वा भाइ,
(झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा–बुहारी, नातिनी–बुहारी वा भतिजा ।

तर उपर्युक्त प्राथमिकताक्रममा पर्ने कोही व्यक्ति नभएको अवस्थामा त्यस्तो निक्षेपउपर हकवालाको दावी रहनेछ र हकवाला पनि नभएको अवस्थामा सो निक्षेप नेपाल सरकारको हुनेछ ।

(५) बैंकमा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जूरीले बाहेक अन्य कुनै व्यक्तिलाई दिइनेछैन ।

(६) बैंकमा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जूरीले बाहेक अन्य कुनै प्रकारले जफत गरिनेछैन । तर बैंकमा निक्षेप राखेको रुपैया नै धितो वा जमानत राखी लेनदेन कारोबार गरेको वा प्रचलित कानूनबमोजिम जफत हुने अवस्थामा त्यस्तो निक्षेप जफत गर्न यस उपनियमले बाधा पुऱ्याएको मानिनेछैन ।

(७) बैंक र ग्राहकबीचको सम्बन्ध तथा बैंकको हिसाबकिताब, खाता वही, स्रेस्ता र लेखाको विवरण सम्बन्धित व्यक्तिबाहेक अन्य कसैलाई थाहा दिइनेछैन ।

(८) बैंकले दश वर्षदेखि चल्ती नभएका तथा प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून बमोजिम दाबी नपरेका निक्षेप खाताहरूको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र नेपाल राष्ट्र बैंकमा पठाउनेछ ।

(९) बैंकले लाभांश घोषणा गरेको मितिले पाँच वर्षसम्म पनि सम्बन्धित शेयरधनी वा निजको हकवालाले सो लाभांश लिन नआएमा त्यस्ता शेयरधनीको लाभांशको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो माहिना भित्र नेपाल राष्ट्र


NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.
कम्पनी सचिव

बैंकमा पठाउनेछ ।

(१०) बैंकको शेयर चल सम्पत्ति मानिनेछ र प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून, कम्पनी तथा धितोपत्रसम्बन्धी कानून तथा प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही यस्तो शेयर धितो बन्धक राख्न वा त्यसको बिक्री वा हक हस्तान्तरण गर्न सकिनेछ ।

(११) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून वा त्यसअन्तर्गत बनेका नियमहरूबमोजिम नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले दिएको कुनै आदेश वा निर्देशनको पालना गर्दा कसैलाई कुनै किसिमको हानिनोक्सानी भएमा बैंकसँग भएको करारमा वा बैंकको अरू व्यवस्थामा जुनसुकै कुरा लेखिएको भए तापनि अनधिकार प्रयोग गरेकोमा बाहेक क्षतिपूर्तिको दाबी लाग्नेछैन ।

(१२) संचालकसमितिले आवश्यकताअनुसार कार्यविधि, निर्देशिका एवं नीति बनाई लागु गर्न सक्नेछ ।

(१३) साधारणसभाबाट स्वीकृत लाभांशबाहेक बैंकले आफ्नो कोषमा व्ययभार पर्ने गरी शेयरधनीहरूलाई नगद वा जिन्सीको रूपमा कुनै पनि रकम भुक्तानी गर्न वा वितरण गर्न सक्नेछैन ।

(१४) बैंकको कामकारोबार सञ्चालन गर्नको लागि बैंकले संघ, संस्था, विशेषज्ञ वा अन्य कुनै दक्ष व्यक्तिबाट व्यवस्थापनसम्बन्धी सरसल्लाह लिन सक्नेछ । बैंकको सञ्चालन वा व्यवस्थापन गर्न उचित शर्तहरूको आधारमा व्यवस्थापनसम्झौता गरी बैंकको व्यवस्थापन जिम्मा दिन सक्नेछ तथा आवश्यकतानुसार माथि उल्लिखित सबै वा केही उद्देश्यहरूको परिपूर्ति गर्नको लागि आवश्यक सम्पूर्ण कार्यहरू गर्न सक्नेछ ।

(१५) बैंकका प्रत्येक संचालक तथा कर्मचारीले आफ्नो ओहदा सम्हाल्नुपूर्व तोकिएबमोजिम गोपनीयता र इमान्दारीको शपथ गर्नुपर्नेछ ।

(१६) बैंकका कुनै संचालक वा कर्मचारीले वा अन्य सम्बद्ध पक्षले आफ्नो कामको सिलसिलामा थाहा पाएको कुनै पनि सूचना वा जानकारी वा गोप्य कुराहरू कानूनले छुट दिएको वा कानूनले बाध्य पारेको अवस्थामा बाहेक अन्य अनधिकृत व्यक्तिलाई थाहा दिनुहुँदैन ।

(१७) संचालकसमितिले संचालकहरूको निर्वाचनसम्बन्धी आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(१८) संचालकको नियुक्ति वा संचालकसमितिको गठनमा भएको अनियमितता वा कुनै संचालकको पद रिक्त रहेको कारणले मात्र संचालकसमितिको कुनै कामकारबाही बदर हुनेछैन ।

(१९) बैंकले आफ्नो कुल सम्पत्ति र वासलातबाहिरको कारोबारको दायित्वसम्बन्धी जोखिमलाई खाम्न सक्ने गरी नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिमको अनुपातमा जोखिम व्यहोर्ने कोष राख्नेछ ।

(२०) बैंकले आफ्नो कुल सम्पत्ति वा कुल जोखिम भारित सम्पत्तिको आधारमा नेपाल राष्ट्र बैंकले तोकिदिएको अनुपातमा पूँजीकोष कायम गर्नेछ ।

(२१) बैंकको व्यवस्थापन तथा अन्य प्राविधिक एवं व्यवस्थापन सेवाको लागि आपसमा मन्जूर गरिएबमोजिमका शर्त तथा बन्देज रहने गरी बैंकले भारतीय स्टेट बैंक (एस. बि. आई.) सँग वा सो बैंकले मनोनीत गरेको संस्थासँग एक प्राविधिक सेवा सम्झौता (प्राविधिक सम्झौता) गर्नेछ । त्यस्तो सम्झौता प्रचलित नेपाल कानूनअन्तर्गत रहनेछ ।

(२२) बैंकले संचालक, शेयरधनी, डिबेन्चर होल्डर, कर्मचारी वा बैंकसँग सम्बद्ध विषयको सम्बन्धमा कुनै सूचना, म्याद, बन्दसवाल आदि तामेल गर्दा प्रचलित कम्पनीसम्बन्धी कानून तथा विद्युतीय कारोबारसम्बन्धी प्रचलित कानूनको व्यवस्थाबमोजिम गर्न सकिनेछ ।

(२३) बैंकको लेखा तथा स्रेस्ताहरू नेपाल राष्ट्र बैंकको निर्देशनबमोजिम अंग्रेजी वा नेपाली भाषामा राखिनेछ ।

(२४) बैंकले आफ्नो व्यवसाय सुचारु रूपले संचालन गर्नको लागि आफ्नो आवश्यकताअनुसार कर्मचारीहरू नियुक्त गर्नेछ । कर्मचारीहरूको सेवाका शर्तका सम्बन्धमा संचालकसमितिले कर्मचारी सेवा नियम/विनियमहरू बनाउनेछ ।

(२५) बैंकले आफ्नो कामकारोबार सुव्यवस्थित रुपले संचालन गर्न र प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून तथा यस नियमावलीको उद्देश्य कार्यान्वयन गर्न प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानूनमा तोकिएका विषयहरू तथा बैंकले सम्पादन गर्नुपर्ने अन्य सम्पूर्ण कामकारोबारका सम्बन्धमा विनियमहरू बनाउन सक्नेछ । त्यस्ता विनियमहरू नेपाल राष्ट्र बैंकबाट स्वीकृत भएपछि लागू हुनेछन् ।

(२६) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून, प्रचलित कम्पनीसम्बन्धी कानून वा सोअन्तर्गत बनेका नियम वा विनियम वा सोअन्तर्गत जारी गरिएका आदेश वा निर्देशन वा यस नियमावलीबमोजिम असल नियतले गरेको कुनै कामकारबाहीका सम्बन्धमा बैंकका संचालक, पदाधिकारी वा कर्मचारी सामूहिक वा व्यक्तिगत रूपले जवाफदेही हुने छैनन् ।

तर द्वेषपूर्ण लापरवाही वा बदनियतबाट गरिएको कुनै कामको परिणामउपर निजहरू व्यक्तिगत रूपमा जिम्मेबार हुनेछन् ।

(२७) <u>खारेजी र बचाउ:</u>

(क) बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को दफा ३० को उपदफा (२) बमोजिम बैंकको नियमावली संशोधन गरी इजाजतपत्र प्राप्त गर्नुभन्दा अगावै मिति २०५०/१/१६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा संस्थापना भएको नेपाल एसबिआई बैंक लि. को उक्त नियमावली खारेज गरिएकोछ ।

(ख) माथि खण्ड (क) अन्तर्गत खारेज गरिएको नियमावली बमोजिम भएगरेका कामकारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

(ग) माथि खण्ड (क) अन्तर्गत खारेज गरिएको नियमावली बमोजिम कम्पनी संस्थापना हुँदाका बखत कायम रहेका संस्थापकहरु र निजहरुले तत्काल लिन कबुल गरेको शेयरसंख्या, सहिछाप, साक्षीहरु तथा निजहरुको सहीछाप, सो नियमावली मस्यौदा गर्ने कानून व्यवसायीले



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.
कम्पनी सचिव

प्रमाणित गरेको कुरा तथा निजको सहिछाप सम्बन्धी सम्पूर्ण विवरणहरु दफा ४२ मा उल्लेख भएबमोजिम कायम रहेको मानिनेछ ।

३९. बैंकको खारेजी:

(१) नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृतिविना बैंक स्वेच्छाले खारेज हुन सक्नेछैन ।

(२) उपनियम (१) बमोजिम बैंकको स्वेच्छिक खारेजीको लागि निवेदन पर्न आएमा नेपाल राष्ट्र बैंकले आवश्यक जाँचबुझ गरी बैंकले आफ्नो ऋण तथा दायित्व पूर्ण रूपमा भुक्तानी गर्न सक्षम छ भन्ने कुरामा नेपाल राष्ट्र बैंक विश्वस्त भएमा नेपाल राष्ट्र बैंकले आवश्यक शर्त तोकी स्वेच्छिक खारेजीको अनुमति दिन सक्नेछ ।

(३) बैंकको खारेजीसम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून, प्रचलित कम्पनीसम्बन्धी कानून तथा अन्य प्रचलित कानूनअनुरूप हुनेछ ।

४०. नियमावली बाझिएको हदसम्म निष्क्रिय हुने:

(१) यस नियमावलीका कुनै व्यवस्था प्रबन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्क्रिय वा बदर हुनेछ र यस नियमावलीमा उल्लेख नभएका कुरा प्रबन्धपत्रमा उल्लेख भएबमोजिम हुनेछ ।

(२) यस नियमावलीमा उल्लेख भएका कुराहरू नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून, प्रचलित कम्पनीसम्बन्धी कानून तथा धितोपत्र कारोबारसम्बन्धी प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्क्रिय वा बदर हुनेछ र यस नियमावलीमा उल्लेख नभएका कुराहरूको हकमा सोही कानून वा ऐनहरूमा उल्लेख भएबमोजिम हुनेछ ।

४१. नियमावलीमा संशोधन:

(१) यस नियमावलीमा बैंकले कुनै संशोधन गर्नुपर्ने भएमा प्रचलित कम्पनीसम्बन्धी कानूनबमोजिम शेयरधनीहरूको साधारणसभामा विशेष प्रस्ताव पारित गरी संशोधन गर्न सक्नेछ । त्यस्तो संशोधन कम्पनी रजिष्ट्रारको कार्यालयबाट अभिलेख भएपछि मात्र लागू भएको मानिनेछ ।

(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून, प्रचलित कम्पनीसम्बन्धी कानून तथा धितोपत्रसम्बन्धी प्रचलित कानूनमा कुनै संशोधन भएमा वा उल्लिखित ऐन/कानूनका सट्टामा नयाँ ऐन/कानून जारी भएमा यस नियमावलीमा भएका व्यवस्थाहरू पनि सोहीबमोजिम स्वत: संशोधन भएको मानिनेछ ।

४२. संस्थापकहरूले तत्काल लिन कबूल गरेको शेयरसंख्या:

निम्नबमोजिम नाम, थर, वतन भएका हामी तल हस्ताक्षर गर्ने व्यक्तिहरूले यस नियमावलीबमोजिम एक पब्लिक लिमिटेड कम्पनी संस्थापना गरी बैंक व्यवसाय संचालन गर्न इच्छुक भई कम्पनीको जारी पूँजीमा हाम्रा आ-आफ्ना नामको पछि उल्लेख गरिएको संख्याको शेयर लिन हामी मन्जूर गर्दछौं:

| सि.नं. | संस्थापकहरूको नाम, थर तथा वतन | लिन मन्जूर गरेको शेयरसंख्या | संस्थापक प्रतिनिधिहरूको हस्ताक्षर | साक्षीहरूको नाम, थर, वतन तथा हस्ताक्षर |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | म्याडम कामा रोड, मुम्बई, भारतमा मुख्य कार्यालय रहेको स्टेट बैंक अफ इण्डियाको तर्फबाट ऐ. का अधिकार प्राप्त उपप्रबन्धनिर्देशक (अन्तर्राष्ट्रिय बैंकिङ्ग) श्री साथिया सलोमन राज | ५,९९,९०० | द. एस. राज | श्री बि.के.दास सहायक महाप्रबन्धक, स्टेट बैंक अफ इण्डिया, अन्तर्राष्ट्रिय विभाग, केन्द्रीय कार्यालय, मुम्बई |
| २. | म्याडम कामा रोड, मुम्बई, भारतमा कार्यालय रहेको स्टेट बैंक अफ इण्डियाका महाप्रबन्धक श्री आदित्य विकास चक्रवर्ती | २५ | द. ए.बि.चक्रवर्ती | का.न.पा. ज्ञानेश्वर, काठमाडौं बस्ने श्री भरत उप्रेती |
| ३. | ऐ. कार्यालय भएको ऐ. का सहायक महाप्रबन्धक श्री लिंगराज त्रिपाठी | २५ | द. एल. त्रिपाठी | का.जि. का.न.पा. वडा नं. ३१ बस्ने श्री सुवास नेम्वांग |
| ४. | ऐ. कार्यालय भएको ऐ. का सहायक महाप्रबन्धक श्री वासुदेव सेन | २५ | द. बि.सेन | का.जि. का.न.पा. वडा नं. ३१ बस्ने श्री डिल्लीराज भण्डारी |
| ५. | ऐ. कार्यालय भएको ऐ. का मुख्य प्रबन्धक श्री दिलीप शर्मा | २५ | द. डि.शर्मा | का.जि. महाराजगंज बस्ने श्री महेश नेपाल |
| ६. | का.न.पा. सुन्धारामा केन्द्रीय कार्यालय रहेको कर्मचारी संचय कोषका तर्फबाट ऐ. का अधिकारप्राप्त प्रशासक श्री मुकुन्दप्रसाद घिमिरे | १,८०,००० | द. एम.पी. घिमिरे | का.न.पा. वडा नं १६, नयाँबजार बस्ने श्री संसारभक्त श्रेष्ठ |
| ७. | का.न.पा. रामशाहपथ काठमाडौंमा केन्द्रीय कार्यालय भएको कृषि विकास बैंकका तर्फबाट ऐ. का अधिकारप्राप्त महाप्रबन्धक डा. श्री तिलक रावल | ६०,००० | द. तिलक रावल | का.न.पा. वडा नं. १६, पकनाजोल बस्ने श्री नारायणदास मानन्धर |

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM

कम्पनी सचिव